**वैठक नं ३३** मिति : २०७५/०३/३२

आज मिति २०७५ साल आषाढ ३२ गते सोमवार विहान ७.०० वजे खाँदवारी नगर कार्यपालिकाको उप प्रमुख तथा का.वा. प्रमुख श्री डेगेश्वरी श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तेतिसौ वैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्व सम्मत रुपमा निर्णण गरियो ।

**उपस्थित**

१. नगर कार्यपालिका प्रमुख श्री मुरारी प्रसाद खतिवडा
२. नगर कार्यपालिका का.वा.प्रमुख श्री डेगेश्वरी श्रेष्ठ
३. नगर कार्यपालिका सदस्य श्री निरञ्जन श्रेष्ठ
४. नगर कार्यपालिका सदस्य श्री ज्ञान वहादुर श्रेष्ठ
५. नगर कार्यपालिका सदस्य श्री देवराज घिमिरे
६. नगर कार्यपालिका सदस्य श्री सजित राई
७. नगर कार्यपालिका सदस्य श्री श्याम प्रसाद निरौला
८. नगर कार्यपालिका सदस्य श्री दयानिधी वराल
९. नगर कार्यपालिका सदस्य श्री मौसम आले मगर
१०. नगर कार्यपालिका सदस्य श्री डम्वर वहादुर कटुवाल
११. नगर कार्यपालिका सदस्य श्री टिकाराम कुमाल
१२. नगर कार्यपालिका सदस्य श्री केशव राजसिं थापा
१३. नगर कार्यपालिका सदस्य श्री नगेन्द्र गुरुङ्ग
१४. नगर कार्यपालिका सदस्य श्री कुङ्गाङ लामा
१५. नगर कार्यपालिका सदस्य श्री वाल कुमारी सोडारी
१६. नगर कार्यपालिका सदस्य श्री सुनीता कटुवाल कार्की
१७. नगर कार्यपालिका सदस्य श्री इन्द्रमाया वराइली
१८. नगर कार्यपालिका सदस्य श्री गोपी घिमिरे -
१९. नगर कार्यपालिका सदस्य श्री चन्द्रकला तामाङ्ग
२०. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी राई सुनुवार
२१. नगर कार्यपालिका सदस्य श्री पदमलाल सार्की
२२. नगर कार्यपालिका सचिव श्री कृष्ण कुमार निरौला
२३. ना. सु. वैठक निर्णय लेखन, कार्यपालिका सचिवालय श्री गणेश श्रेष्ठ
२४. लेखा शाखा प्रमुख श्री रुद्रमणि श्रेष्ठ
२५. इन्जिनियर प्रमुख श्री सुरज श्रेष्ठ

## निर्णय नं १

खाँदवारी नगरपालिका वडा नं १ स्थित नगरपालिकाको भवन निर्माण कार्यको लागी निर्माण व्यवशायी श्री हिमालय कन्स्ट्रकसन खा. न.पा. १ को प्रोपाइटर शान्ता थापाका तर्फवाट मिति २०७५/०३/०४ गते विभिन्न कारणहरु (ढलाई गरेको कार्यको सटिङ्ग खोल्न कम्तीमा २२ दिन लाग्ने, वर्षादको समयमा निर्माण सामाग्री निर्माण स्थल सम्म ल्याउन कठिन हुने) लगायतका कारणहरु देखाई कम्तीमा ६ महिनाको लागी निर्माण गर्न म्याद थप गरि पाउ भनि यस कार्यालयमा म्याद थपको लागी निवेदन पेश गरेको । साथै कार्यालयका योजना तथा प्राविधिक शाखाका तर्फवाट भवनको ढलाई कार्य भई रहेको र निर्माण कार्यवधिको समय सकिने अवस्था २२ दिन भित्र नै रहने देखिने हुँदा ढलाई पंश्चात सटरिङ्ग खोल्न नमिल्ने कारण २०७५ आषाढ १५ गते भित्र सम्पन्न हुन नसक्ने भएको भनि टिप्पणी आदेशमा उल्लेख गरि ३ महिनाको लागी म्याद थप गर्नुपर्ने राय पेश भएको साथै आर्थिक प्रशासन शाखावाट समेत सोहि वमोजिमको राय पेश भएको । माथी उल्लेखित कारणहरुका आधारमा सार्वजनीक खरिद नियमावली २०६४ को नियम १२०को उपनियम ३ बमोजिम ६ महिनाको म्याद थप गर्न सकिने कानुनी प्रावधान भएता पनि हाल प्राविधक शाखा वाट निर्माण भएको कार्य योजना तालिका अनुसार कार्य गर्ने गरि २०७५ आषाढ १६ गते देखि ३ महिनाको लागी निर्माण सम्पन्न गर्ने गरि म्याद थप गर्ने निर्णय गरियो ।

## निर्णय नं २

खाँदवारी नगरपालिका स्थित सभा खोलाको प्रारम्भीक वातावरणीय प्रभाव मूल्यांकन गरेवापत प्रोटोकल इन्टरनेशनल कन्सलटेशन प्रा.लि. काठमाण्डौलाई भुक्तानी दिइएको रु ४९२६८० ( चार लाख वयानव्वे हजार छ सय असी मात्र,भ्याट सहित) रकम र अरुण नदिको प्रारम्भीक वातावरणीय प्रभाव मूल्यांकन गरेवापत इकोप्लस प्रा.लि. काठमाण्डौलाई भुक्तानी दिइएको रु ४९१५५० (चार लाख एकानव्वे हजार पाच सय पचास मात्र,भ्याट सहित) खर्च शिर्षक नं २९८११ भैपरि आउने तथा आकश्मीक शिर्षक वाट खर्च लेखि भुक्तानी दिइएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय ३

खाँदवारी नगरपालिका कार्यालयको आ.व. २०७१/०७२ को स्वीकृत वार्षीक कार्यक्रम अनुसार नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय जगेडा कोष तथा खाँदवारी नगरपालिका कार्यालयको संयुक्त लागत सहभागितामा संचालित तुम्लीङ्गटार वसपार्क निर्माण कार्यको मिति २०७१/०९/२३ गते संसोधित राजधानी दैनिक पत्रिकामा ३० दिने सुचना प्रकाशित गरीएको ।

१. मिति २०७१/१०/२३ गते योंजनाको ठेक्का संकेत नं १/७१/०७२ को लागी तुम्लीङ्गटार वसपार्क निर्माण खादवारी नगरपालिका वडा नं १२ को जिल्ला प्रशासन कार्यालय कोलेनिका लगायत को रोहवरमा सिलवन्दी वोलपत्र खोलीएको ।

२. मिति २०७१/११/२० गते वोलपत्र मूल्यांकन समिति गठन गरेको ।

३. मिति २०७१/११/२६ मूल्यांकन समितिले मूल्यांकन गरि प्रतिवेदन पेश गरेको ।

४. मिति २०७१/११/२७ गते ओम निर्माण सेवा खा.न.पा.१३ अख्तियारवाला व्यक्ति श्री देवेन्द्र घिमिरेलाई आसय पत्र उपलव्ध गाराइएको ।

५. मिति २०७१/१२/०४ गते वोलपत्र स्वीकृति गरिएको । कुल ल.ई ४५६८१२१.४६ (भ्याट वाहेक) मध्ये कवोल अंक रु ४५००९४० (भ्याट वाहेक) मा कार्य सम्पन्न गर्ने गरि मिति २०७१/१२/०४ मा निर्माण कम्पनी र यस न.पा.विच २०७२ जेठ मसान्त सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरि सम्झौता भई योजना कार्यान्वयनको प्रकृया अगाडी वढेकोमा मिति २०७२/०१/१२ गते गएको विनासकारी भुकम्प पछि निर्माण कार्य स्थगित भएको । भुकम्पका कारण जनाई मिति २०७२/०२/३१ मा ६ महिना अर्थात २०७२ मंसिर मसान्त सम्म म्याद थप भएको ।

६. यस अवधिका कार्यकारी अधिकृत श्री मणिराम खतिवडा २०७२ असोज १९ गते सरुवा भई अन्यन्त्र जानु भएको र तत्काल अर्को कार्यकारी अधिकृत खटिई नआएको अवस्थामा मिति २०७२ मंसिर मसान्तमा उक्त योजनाको म्याद समाप्त भएको र म्याद थप गर्न नसकिएको ।

७. म्याद सकिनु अगावै निर्माण व्यवशायीको तर्फवाट मधेश आन्दोलन लगायतको कारणले इन्धन तथा अन्य निर्माण सामाग्रीहरुको चरम अभाव भई पुनः म्याद थप पाउनको लागी मिति २०७२/०८/१५ मा निवेदन पेश भएको । उक्त अवधिमा यस नगरपालिका कार्यालयका प्रशासकीय अधिकृत श्री दिनेश कट्टेललाई आर्थिक अख्तियारी वाहेक दैनिक प्रशासनिक काम काज गर्ने गरि निमित्त कार्यकारीको रुपमा कामकाज गर्ने गरि तोकीएको कारण तत्काल म्याद थप गर्ने प्रकृया अगाडी वढाउन सकिएन ।

८. तत्कालीन कार्यकारी अधिकृत श्री ऋषिकेश निरौला मिति २०७२ पौष ०८ गते मात्र हाजीर हुनु भएको र उक्त योजनाको भुक्तानीको लागि दायित्व सारी लगिएको देखिन्छ ।

९. आ.व. ०७१/०७२ मा उक्त योजनको लागी जगेडा कोष मार्फत निकासा भएको ७० प्रतिशतले हुन आउने रकम रु ४५,००,९४०/मध्ये मोवीलाइजेशन पेश्की रु ९,००,१८८ (नौ लाख एक सय अठासी मात्र) भुक्तानी भएको । साथै रनिङ्गविल मार्फत रु १३,२०,१३९.८२ (तेह्र लाख विस हजार एक सय उनान्चालिस रुपैया वयासी पैसा मात्र) गरि जम्मा २२,२०,३२७.८२ (भ्याट सहित) उपलव्ध गराई वांकी हुन आउने रकम विगत वर्षहरुका दायीत्व सरी आएका योजनाहरुमा खर्च भई स्वीकृत योजनाहरुको भुक्तानी हुन नसकी चालु आ.व.का लागी दायीत्व सृजना गरि ल्याउनु पर्ने अवस्था भएकोले यस योजनाको लागी थप रकम जुटाउन विभिन्न चरणमा पर्याप्त प्रयत्न गरिएता पनि कुनै सफलता प्राप्त नभएको हुदा उक्त योजनामा भए गरेका कामको मूल्यांकन गरि मोवीलाइजेशन पेश्की बापत लिएको रकम कट्टा गरि आगामी आ.व. मा भुक्तानी गर्ने गरि योजनाको दायीत्व सार्नु वाहेक अन्य विकल्प नदेखिएको हुंदा आवश्यक निर्णयार्थ पेश गरेको टिप्पणीका आधारमा आर्थीक प्रशासन शाखा वाट समेत माथी उल्लेखित व्यहोरा ठिक सांचो रहेको हुदा उक्त योजनालाई भुक्तानी दिइएको जम्मा रकम कट्टा गरि भुक्तानी गर्न वांकी रहेको रकम आगामी आ.व.मा भुक्तानी गर्ने गरि दायीत्व सारी लैजान उपयुक्त देखिएको राय सहित पेश हुंदा मिति २०७३/०३/१५ मा तत्कालीन प्रमुख/कार्यकारी अधिकृत श्री ऋषिकेश निरौला वाट सदर भएको देखिन्छ ।

१०. खरिद कर्ताको कार्य सम्पादन जमानी उद/०३४/३७२/५३९०/२०१५ मिति २०७१/१२/०२ रु २३०,०००/ उल्लेखित पत्रमा जमानी पत्रको म्याद २०७२/१२/०१ गते सम्म रहेको ।

११. मिति २०७२/१२/२६ गते सम्वन्धित ठेकेदार कम्पनीवाट कार्य सम्पन्न भई भुक्तानी दिनु भनि निवेदन दिएको ।

१२. मिति २०७२/१२/२८ गते सक्ककै फायल अख्तियार दुरुपयोग अनुसन्धान आयोग धनकुटा पठाइएको कारणले भुक्तानी दिन नसकीएको ।

१३. मिति २०७३/०३/१५ गते विभिन्न शाखाहरु वाट उक्त योजनाको रकम भुक्तानी सम्वन्धमा हाल कार्यालयको कोषमा पर्याप्त रकम नरहेको हुदा तत्काल भुक्तानी दिन नसकीने भनि टिप्पणी उठान भई नगरप्रमुख एवं कार्यकारी अधिकृत वाट दायीत्व सारी लैजाने टिप्पणी आदेश स्वीकृत भएको ।

१४. मिति २०७३/०३/१६ गते पुन भुक्तानी दिनु भनि निर्माण व्यवशायी वाट निवेदन पेश भएको ।

१५. मिति २०७३/०३/२४ मा च.न. ८०७८ पत्रानुसार सम्वन्धित निर्माण व्यवशायीलाई आवश्यक वजेट अभाव भई र सक्कलै फायल अदुअआ धनकुटा लगेको, र आगामी आ.व.मा भुक्तानी हुने गरि दायीत्व सार्ने भनि परिपत्र भएको ।

१६. मिति २०७४/०३/०५ मा निर्माण व्यवशायीलाई कार्यसम्पादान जमानी उपलब्ध गराउनु भनि पत्राचार गरिएको । मिति २०७४/०३/२५ गते कार्य सम्पादन जमानी म्याद २०७२/१२/०१ गते देखि २०७४/०४/२५ सम्मको जमानतको म्याद थप गरिएको पत्र कृषि विकास बैकले जारीगरेको पत्र प्राप्त भएको ।

१७. मिति २०७४/०४/०१ गते उत्तर दक्षिण कोशी राजमार्ग आयोजनालाई तुमलिङ्गटार वस पार्क निर्माण कार्यको ल्याव टेष्टका लागी आवश्यक सहयोग गरि दिन हुन भनि पत्राचार गरिएको । सो सम्वन्धमा मिति २०७४/०४/२४ गते च.न. २२ बाट ल्याव टेष्टको रिपोट प्राप्त भएको ।.

१८. मिति २०७४/०५/३१ गते वसेको प्रथम नगरसभा, मिति २०७५/०२/२५ दोस्रो नगरसभा तथा मिति २०७५/०३/२६ गते तेस्रो नगरसभा वाट समेत भुक्तानी दिने गरि दायीत्व सारी ल्याएको ।

१९. यस कार्यालयको प्राविधिक शाखावाट उक्त योजनाको अन्तिम कार्य सम्पन्न प्रतिवेदन मिति २०७४/०४/२६ गते निर्माण भएको कार्यालयले ल्याव टेष्ट गरी भुक्तानी प्रकृया अगाडि बढाउने भनि ल्याव टेष्ट गर्न पठाईको, सो को प्रतिवेदन समेत प्राप्त भएको तर सोही समयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग धनकुटाबाट अध्ययनको लागि सक्कलै फाइल माग भई पठाईएको, जिल्ला प्रशासन कार्यालय संखुवासभा बाट अध्ययनको लागि सक्कलै फाइल माग भई पठाईएको, कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभा बाट अध्ययनको लागि सक्कलै फाइल माग भई पठाईएको साथै सडक डिभिजन कार्यालय संखुवासभाबाट समेत अध्ययनको

लागि सक्कलै फाइल माग भई पठाईएको हुदा यसरी पटक पटक विभिन्न आयोग, तालुक कार्यालय तथा सम्बन्धीत निकायहरुमा अध्ययनको लागि सक्कलै फाइल पठाउने ल्याउने जस्ता कारणले गर्दा र कार्यालयमा कार्यालय प्रमुखको नियमीत उपस्थिति नभएको हुदा विभिन्न ताल्लुक कार्यालय, निकाय, आयोग मा अध्धयनको लागि सक्कलै फाइल पठाउने फिर्ता ल्याउने कार्यले गर्दा कार्यालय प्रमुखले अध्ययन गरी भुक्तानीको प्रकृया अगाडि बढाउन सक्ने परिस्थिती नरहेको ।

२०. वुदा नं. २० मा उल्लेखित कारणले गर्दा विलम्ब भई मिति २०७५/०२/१३ गते मात्र अन्तिम मूल्यांकन प्रतिवेदन प्रमाणित गरि भुक्तानीको लागि पेश गरिएको ।

**अत:**

तत्कालीन कार्यकारी अधिकृत श्री ऋषिकेश निरौलाले आगामी आ.व.मा भुक्तानी गर्ने गरि दायीत्व सारी लैजान उपयुक्त देखिएको राय सहितको टिप्पणी २०७३/०३/१५ मा सदर भएको ।

ठेकेदार कम्पनीले मिति २०७२/१२/२६ गते र २०७३/०८/१५ गते दुई पटक भुक्तानी पाउन निवेदन पेश गरेको ।

मिति २०७३/०८/१५ गते च.नं ८०७८ को पत्र वाट सम्बन्धीत निर्माण व्यवशायीलाई आवश्यक वजेट अभाव भई र सक्कलै फायल अदुअआ धनकुटा लगेको र आगामी आ.व.मा भुक्तानी हुने गरि दायीत्व सार्ने भनि परिपत्र गरिएको ।

मिति २०७४/०३/०५ मा निर्माण व्यवशायीलाई कार्यसम्पादन जमानी उपलव्ध गराउनु भनि पत्राचार गरि २०७३/०३/२५ गते कार्य सम्पादन जमानी म्याद २०७२/१२/०१ देखि २०७४/०४/२५ गते सम्म थप गरि कृषि विकास वैकले जारी गरेको ।

मिति २०७४/०४/०१ गते उत्तर दक्षिण कोशी सडकलाई पत्र लेखि गुणस्तरका लागी ल्याव टेष्ट गरि प्रतिवेदन दिन भनिएकोमा २०७४/०४/२४ गते प्रतिवेदन समेत प्राप्त भएको ।

निर्वाचित जनप्रतिनिधिहरुको प्रथम,द्बितिय र तृतिय नगर सभाले भुक्तानी गर्न उपर्युक्त ठहर गरि दायीत्व सार्ने कार्य गरेको हुँदा माथी उल्लेखित वृस्त्रित विवरणका आधारमा उक्त फायल पटक पटक अध्ययन का सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय,कोलेनिका,सडक डिभिजन कार्यालय लगायतका तालुक कार्यालयहरुमा सक्कलै फायल गई प्रकृयागत रुपवाट अगाडी वढाउन नसकीएको भएता पनि कार्यालयको तर्फवाट मिति २०७४/०३/०५ मा निर्माण व्यवशायीलाई कार्यसम्पादान जमानी उपलव्ध गराउनु भनि पत्राचार गरिएको । मिति २०७४/०३/२५ गते कार्य सम्पादन जमानी म्याद २०७२/१२/०१ गते देखि २०७४/०४/२५ सम्मको जमानतको म्याद थप गरिएको पत्र कृषि विकास वैकले जारीगरेको पत्र प्राप्त भएको । साथै कार्यालयको तर्फवाट कार्य सम्पन्न विल निर्माण गर्न ढिलाई हुनु तथा नगरपालिकाको विसौ र एक्काइसौ नगरपरिषद तथा स्थानिय तहको निर्वाचन पश्चात गठन भएको स्थानिय तह अन्तगत निर्वाचित पदाधिकारीहरुले संचालन गर्ने प्रथम, दोस्रो तथा तेस्रो नगर सभाले समेत निरन्तर रुपमा सो कार्यक्रमलाई दिइने भुक्तानी रकम दायीत्व सार्दै ल्याइएको हुदा सोहि व्यहोरालाई म्याद थप भएको मान्न सकिने आधार देखे

हुदा साविक खादवारी नगरपालिका १२ हाल खादवारी नगरपालिका वडा नं ९ स्थित वस पार्क निर्माण तथा व्यवस्थापन कार्यलाई वाकी रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ४**

खाँदवारी नगरपालिकाको ९ वटा वडाहरुमा एकीकृत सम्पतिकर तथा नगदी रसिद को सफ्टवयर स्थापना गरि राखेवापत तपसिलका कम्पनिहरुलाई सार्वजनीक खरिद नियमावली अनुसार भुक्तानी भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

क, वजेट शिर्षक नं ३६५८०३३ खर्च शिर्षक नं २२३११ वाट इकोप्लस प्रा.लि. काठमाण्डौ लाई एकीकृत संम्पतिको सफ्टवयर इन्सटल गरि राखेवापत रु ४०१७१५।

ख, वजेट शिर्षक नं ३६५८०३३ खर्च शिर्षक नं २२३११ वाट सांग्रीला इन्फरमटिस प्रा.लि ४०१७१५।

**निर्णय नं ५**

खाँदवारी नगरपालिका वडा नं ९ स्थित मनकामना मन्दिरमा गत २०७४ सालको मंसिर महिनामा सम्पन्न भएको एकादशी महोत्सवमा संचालानार्थ वाटो मर्मत तथा मञ्च व्यवस्थापनका लागी भएको खर्च लागत अनुमानका तथा कार्य सम्पन्न प्राविधक विलका आधारमा खर्च भएको रु ७३८८९। -त्रिहत्तर हजार आठ सय उनान्ननव्वे मात्र) भएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

निम्न कार्यविधिहरु (अनुसुची १ र २ बमोजिम) आवश्यक छलफल पश्चात पारित गरि लागु गर्ने निर्णय गरियो ।

१, "घ" वर्गको निर्माण व्यवशायी इजाजत पत्र सम्वन्धि कार्यविधि २०७५ (अनुसुची १)

२, खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७५ (अनुसुची २)

# खाँदवारी नगरपालिका

## "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५

नगरकार्यापालिकावाट स्वीकृत मिति २०७५।४।
प्रमाणीकरण मिति २०७५।०४/
राजपत्रमा प्रकाशित मिति २०७५।०४/

**प्रस्तावना :**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीद ऐन २०६३ को मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वासनियता तथा भेदभावरहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उप दफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी खाँदवारी नगरपालिका प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐनको दफा २०७५ को दफा ४ वमोजिम खाँदवारी नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "खाँदवारी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५" रहेकोछ ।

(२) यो कार्यविधि खाँदवारीनगरपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

(१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि वमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

(३) **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस खाँदवारी नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) वमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(४) **इजाजतपत्रको अवधि र नविकरण :**

(१) दफा ३ वमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ५ वमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) वमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून वमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरिसकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित खाँदवारी नगरपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नविकरण गरिदिनेछ ।

(५) **इजाजत-पत्रको खारेजी :**

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लङ्घन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) वमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) दफा ४ को उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको इजाजतपत्र स्वत: खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) वमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

(६) **इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

(१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

(७) **प्रचलित कानून वमोजिम हुने :**

(१) यस कार्यविधिमा लेखिएजति यसै वमोजिम र अन्यको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

(८) **बचाउ:**

(१) यस अघि प्रचलित कानून वमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि वमोजिम दिइएको मानिनेछ ।

दर्खास्तवालाको
फोटो

अनुसूची १
कार्यविधिको दफा ३ को उपदफा (१) संग सम्बन्धित

श्री खाँदबारी नगर कार्यपालिकाको कार्यालय,
खाँदबारी, संखुवासभा ।

विषयः÷ इजाजतपत्र पाँउ भन्ने बारे ।

यस नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन देहायको विवरण भरि यो दर्खास्त पेश गरिएको छ ।

१. दर्खास्त पेश गर्ने फर्म वा कम्पनीको
नामः
ठेगानाः
पोष्टबक्स नं. टेलिफोन नं. फ्याक्स नं.
मोवाइल नं. इमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः(कुनै एकमा चिह्न लगाउनुहोस)
क) प्राइभेट लिमिटेड कम्पनी ख) पव्लिक लिमिटेड कम्पनी
ग) एकलौटी घ) साझेदारी

३. सम्पर्कका लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिकोः
नाम थरः ठेगानाः
पोष्टबक्स नं. टेलिफोन नं. फ्याक्स नं.
मोवाइल नं. इमेलः

४. फर्म वा कम्पनीको विवरणः
दर्ता नं. दर्ता मितिः
अधिकृत पुँजीः जारी पुँजीः
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजतपत्र लिन चाहेको वर्गः घ वर्ग

६. समूहीकरण हुन चाहेको समूंह

७. आर्थिक श्रोतको विवरण

| खाताको किसिम | रकम | वित्तिय संस्थाको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरणः

(क) प्राविधिक

(ख) अप्राविधिक

(ग) अन्य

प्राविधिक कर्मचारीको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र मंजुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन तथा मेशिनरी औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्व कागजात (दर्ता प्रमाणपत्र) र उक्त सवारी साधन तथा मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनि मेकानिकल इञ्जिनियरद्वारा प्रमाणित भएको हुनुपर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजातः

क. ख. ग.

यस दर्खास्त फाराममा उल्लिखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बझाउँला ।

निर्माण व्यवसायीको छाप

दर्खास्तवालाकोः

द्रष्टव्यः यस दर्खास्त फाराममा उल्लिखित व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्ने छ र कार्यालयले मागेको बखत सक्कल कागजात पनि पेश गर्नु पर्नेछ ।

अनुसूची २

कार्यविधिको दफा ३ को उपदफा (१) र दफा ४ को उपदफा (३) संग सम्बन्धित

| क.सं. | इजाजतपत्र दस्तुर रु. | इजाजतपत्र नविकरण दस्तुर रु. | इजाजतपत्र नविकरण थप दस्तुर रु. | ईजाजतपत्रको प्रतिलिपी दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | ५०००।- | ३०००।- | ६०००।- | १०००।- | |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी कार्यविधि २०७५ को दफा ४ को उपदफा २ वमोजिम म्याद भित्र इजाजतपत्र नविकरण गराउँदा इजाजतपत्र नविकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिनुपर्नेछ । यस वमोजिमको दस्तुर प्रत्येक आर्थिक वर्षमा आर्थिक ऐनले निर्धारण गरे वमोजिम हुनेछ ।

अनुसूची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

# इजाजतपत्र

ईजाजतपत्र नं....................

मिति :- ....................

................म.न.पा / न.पा / गाउपालिका

.............कार्यपालिकाको कार्यालय

..............................

घ. वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०........ को दफा.२ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कार्यालय भएको ...................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

ईजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :-

नविकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासबुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम<br>..................<br>ख)सम्झौता मिति :<br>..................<br>ग)ठेक्का अवधि<br>.................. | क) नाम :<br>..................<br>ख)पद :<br>..................<br>ग)हस्ताक्षर<br>..................<br>घ)छाप<br>.................. | क) थप समय:<br>क) नाम :<br>..................<br>ख)पद :<br>..................<br>ग)हस्ताक्षर<br>..................<br>घ)निर्णय मिति:<br>छाप<br>.................. | क) Variation पछिको ContractAmount<br>क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम :<br>..................<br>ख)पद :<br>..................<br>ग)हस्ताक्षर<br>..................<br>घ)छाप<br>.................. | क)सम्पन्न रकम :<br>..................<br>ख)सम्पन्न मिति :<br>..................<br>ग) सम्पन्न %<br>..................<br>घ)नाम :<br>..................<br>पद :<br>..................<br>हस्ताक्षर<br>..................<br>छाप<br>.................. | क) अन्तिम ठेक्का रकम :<br>..................<br>ख)सम्पन्न मिति :<br>..................<br>घ)नाम :<br>..................<br>पद :<br>..................<br>हस्ताक्षर<br>..................<br>छाप<br>.................. | |

अनुसुची-५

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता :

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पच्चिस लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण :

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाण-पत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाण-पत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाण-पत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर/ट्र्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (एक थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको कम्पनी/संस्था को आफ्नो स्वामित्वको प्रमाण-पत्रका साथै वीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

# खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

कार्यपालिकाबाट स्वीकृत मिति २०७५।४।
प्रमाणीकरण मिति २०७५।०४/
राजपत्रमा प्रकाशित मिति २०७५।०४/

**प्रस्तावना:** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) वमोजिम खाँदवारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ र ४ वमोजिम बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड खाँदवारी नगरपालिकाको राजपत्र मा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, खाँदवारी नगरपालिकाको राजपत्र मा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, खाँदवारी नगरपालिकाको राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्वन्धमा व्यवस्था गर्न, खाँदवारी नगरपालिकाको राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रवन्ध गर्न खाँदवारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ वमोजिम खाँदवारी नगर कार्यपालिकाको मिति २०७५।०४। मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग- १

## प्रारम्भिक

१. **कार्यविधिको नाम:** यस कार्यविधिको नाम खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

२. **कार्यविधि लागू हुने:** यो कार्यविधि खाँदवारी नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## भाग- २

## खाँदवारी नगरपालिकाको राजपत्रको भाग र ढाँचा

३. **खाँदवारी नगरपालिकाको राजपत्रको भागहरु:** खाँदवारी नगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ वमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **खाँदवारी नगरपालिकाको राजपत्रको ढाँचा:** खाँदवारी नगरपालिकाको राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए वमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था:** खाँदवारी नगरपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २), कायम गरी त्यसपछि क्रमश: जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **खाँदवारी नगरपालिकाको राजपत्रको संख्या:** (१) खाँदवारी नगरपालिकाको राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) वमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **खाँदवारी नगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने सामग्री:** खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारी:** खाँदवारी नगरपालिकाको राजपत्र खाँदवारी नगरपालिकाको प्रमुखको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र खाँदवारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग- ३

## खाँदवारी नगरपालिकाको राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशनको जिम्मेवारी:** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र खाँदवारी नगरपालिकाको राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:** (१) प्रकाशन हुने सामग्री खाँदवारी नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. **खाँदवारी नगरपालिकाको राजपत्रको अभिलेख व्यवस्थापन:** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) वमोजिम खाँदवारी नगरपालिकाको राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतद्वारा उपदफा (२) वमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : नगरपालिकाले खाँदवारी नगरपालिकाको राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछ :

(क) नेपाल सरकार र प्रदेश सरकारको संघिय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) खाँदवारी नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,
र

(ङ) खाँदवारी नगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने:** नगरपालिकाबाट प्रकाशित खाँदवारी नगरपालिकाको राजपत्रलाई नगरपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलग पोर्टल)निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य:** (१) प्रकाशित खाँदवारी नगरपालिकाको राजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) खाँदवारी नगरपालिकाको राजपत्रको देहाय वमोजिमको विक्री मूल्य निर्धारण गरिएको छ,

**(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा:** वडा कार्यालय वा खाँदवारी नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ६००/- (छ सय मात्र)

**(ख) खुद्रा बिक्री गर्दा :** खाँदवारी नगरपालिकाको राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले खाँदवारी नगरपालिकाको राजपत्र लिन चाहेमा देहाय वमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको — रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको — रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको — रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको — रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको — रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको — रु.५० मात्र

- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज रु.१।-को दरले थप शुल्क लिइनेछ ।

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** खाँदवारी नगरपालिकाको राजपत्र बिक्री बापत प्राप्त राजश्व खाँदवारी नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा खाँदवारी नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाऊः** यो कार्यविधि लागू हुनुभन्दा अगावै खाँदवारी नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

## अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

### खाँदवारी नगरपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा नगर सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा खाँदवारी नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# राजपत्र

# खाँदवारी नगरपालिकाद्धारा प्रकाशित

खण्डः...    खाँदवारी ....गते, २०......... साल    संख्याः...

### भाग-१

### खाँदवारी नगरपालिका

नेपालको संविधानको धारा....... खाँदवारी नगरपालिकाको प्रशासकिय कार्यविधि नियमिति गर्ने ऐन २०७५ को दफा ३ र ४ वमोजिम खाँदवारी नगरपालिका, नगरसभाले बनाएको तल लेखिए वमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत २०७५ सालको ऐनं नं. ..........................................बनेको ऐन

नगर सभाले बनाएको ऐन तथा नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# राजपत्र

# खाँदवारी नगरपालिकाद्धारा प्रकाशित

खण्ड:... खाँदवारी ........गते, २०...... साल संख्या:

**भाग-२**

**खाँदवारी नगरपालिका**

नेपालको संविधानको धारा....... खाँदवारी नगरपालिकाको प्रशासकिय कार्यविधि नियमिति गर्ने ऐन २०७५ को दफा ४ वमोजिम खाँदवारी नगरपालिका, नगरकार्यपालिकाले बनाएको तल लेखिए वमोजिमको नियम/कार्यविधि/निर्देशिका/मापदण्ड/विनियम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत २०...... सालकों ऐन नं. ............................................बनेको ऐन

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत